सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको २०८० माघ १ गते देखि चैत्र मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

# स्वत:प्रकाशन (Proactive Disclosure)

## तेस्रो त्रैमासिक

(माघ-चैत्र)




**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना कार्यान्वयन एकाई

## दुनै, डोल्पा


**इमेल: pmamppiudolpa@gmail.com**

फोन नं.०८७-५५००८८


**आ.व.२०८०/८१**

**१.कार्यालयको स्वरुप र प्रकृतिः**

स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक सस्थागत जनशक्तिबाट कृषि बिकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रबिधि तथा उत्पादन सामाग्रीको व्यवस्था, बाली र बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पुर्बाधारको व्यवस्था जस्ता क्रियाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना सहित प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० बर्ष अवधिको लागि लागू भएको छ। निर्वाहमुखी कृषि क्षेत्रलाई व्यावसायिक प्रतिस्पर्धी र सम्मानजनक व्यवसायको रुपमा विकास गरी रोजगारीको अवसर सिर्जना र देशको समग्र अर्थतन्त्रलाई थप चलायमान बनाउनु आजको आवश्यकता हो । कृषि पेशालाई व्यवसायिक र औधोगिकीकरणमा रुपान्तरित गर्दै गरिबी न्युनिकरणको राष्ट्रिय लक्ष्य पुरा गर्नका लागि सबै क्षेत्रले जोड दिनुपर्ने देखिन्छ । खाद्यान्न र उच्चमूल्य पर्ने नगदे बालीहरुको क्षेत्रफल उत्पादन र उत्पादकत्व आवश्यकता अनुरुप बृद्धि हुन नसक्नुले कृषि बस्तुहरुको आयातमा दिनानुदिन बढोत्तरी हुदै गईरहेको र निर्यातको आयतन खुम्चदै जादाँ देशको कुल व्यापार घाटा असन्तुलित रुपमा बढी रहेको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि उत्पादनको लागि आवश्यक प्रविधि तथा उत्पादन सामाग्रीको ब्यवस्था गर्ने बाली बस्तु उत्पादनमा यान्त्रिकरण गर्ने प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारहरुको व्यवस्था मिलाउने देशका विभिन्न क्षेत्रहरुलाई विशिष्टिकृत बालीहरुको लागि विशिष्टिकृत क्षेत्र तोकी बालीको व्यवसायिकरण विविधिकरण र आधुनिकिकरण मार्फत आर्थिक विकास गर्ने उदेश्यका साथ संघिय सरकार अन्तरगत प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना परियोजना कार्यान्वयन एकाइ(जोन) विकास कार्यक्रम आ.व. २०७६/०७७ बाट डोल्पा जिल्लामा सक्रिय कार्यान्वयनमा रहि सेवा प्रदान गरि रहेको छ ।

**परियोजना क्षेत्रः**

| क्र.स. | जोन | स्थानीय तह | वडा नं. |
|---|---|---|---|
| १. | स्याउ जोन | ठुलिभेरि नगरपालिका र जगदुल्ला गाँउपालिका | १,२,४,५,६,७,८,९,१०,११ र जगदुल्ला गाँउपालिका सम्पुर्ण वडाहरु |
| | | त्रिपुरासुन्दरि नगरपालिका | ३ र ४ |
| २. | सिमी जोन | काईके गाउँपालिका र मुड्केचुला गाँउपालिका | सम्पुर्ण वडाहरु |

**२. निकायको काम,कर्तव्य र अधिकार:**

- तोकिएको कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने ।
- कृषि वस्तुहरुको मुल्य अभिवृद्धि गर्दै प्रतिस्प्रर्धात्मक क्षमता अभिवृद्धि गर्ने ।
- कृषिलाई सम्मानजनक नाफामुखी व्यावसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने ।
- भुमिको वैज्ञानिक उपयोग ।
- आधुनिक कृषि प्रविधिहरुको उपयोग ।
- कृषिमा उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहररुको विकास ।
- कृषि अनुसन्धान शिक्षा प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण ।
- प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अबलम्वन ।
- गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि गर्ने ।
- वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अबलम्वन

**३. परियोजना कार्यान्वयन एकाई संरचना**

**३.१ आ.व. ०८०/०८१ को स्वीकृत दरबन्दी**

| क्र.स. | पद | श्रेणी | सेवा | समूह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | समूहकृत नहुने | १ | स्थायी |
| २ | लेखापाल | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | लेखा | १ | स्थायी |
| ३ | खरिदार | रा.प.अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | स्थायी |
| ४ | ना.प्रा.स. | रा.प.अनं.द्धितीय | नेपाल कृषि | समूहकृत नहुने | ४ | करार |
| ५ | का.स. | श्रेणी विहिन | नेपाल प्रशासन | नेपाल प्रशासन | २ | |

**३.२. हाल कार्यरत कर्मचारीहरुको विवरण**

| सि.नं. | कर्मचारीको नाम थर | पद | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १ | गोविन्द बहादुर मल्ल | नि. कार्यालय प्रमुख | छेडागाड न.पा. ११ जाजरकोट | ९८५८३६६७८७ |
| २ | गणेश बहादुर शाही | खरिदार | शुभकालिका गा.पा. ८ कालिकोट | ९८५८०२१५०५ |
| ३ | टिका पछाई | ना.प्रा.स. | गेरुवा गा.पा.४ वर्दिया | ९८६६२४४९७० |
| ४ | विकास वोहोरा | ना.प्रा.स. | जगदुल्ला गा.पा.५ डोल्पा | ९७४५४०१६२६ |

|  |  |  |  |  |
|---|---|---|---|---|
| ५ | रविन्द्र बुढा | ना.प्रा.स. | ठुलिभेरि न.पा. ४ डोल्पा | ९८६९०५३९५७ |
| ६ | दिपा राना मगर | ना.प्रा.स. | सानीभेरी गा.पा. ०१ रुकुम पश्चिम | ९८४२३०७४५२ |
| ७ | जनक थापा | ओभरसियर | त्रिपुरासुन्दरि न.पा.१ डोल्पा | ९८६३०३४१७६ |
| ८ | नवराज चलाउने | का.स. | त्रिपुरासुन्दरि न.पा. ६ डोल्पा | ९८४८३२८०६२ |
| ९ | रामकृष्ण बुढा | का.स. | ठुलिभेरि न.पा. ४ डोल्पा | ९८६९२८७८९८ |

**४. सेवा प्रदान गर्दा लाग्ने शुल्क र कार्यालयले संचालन गर्ने क्रियाकलापहरुमा उपलब्ध हुने सुविधाहरुः**

(क) निवेदनमा रु १०/- को हुलाक टिकट टाँस गर्नुपर्ने।

(ख) तोकिएको जोनमा संचालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको बाहेक बढीमा देहाय अनुसार उपलब्धीमा आधारित सहजिकरण (smart output based facilitation) सेवा उपलब्ध गराइने छ।

| **क्र.स.** | **विवरण** | **सहजिकरण** |
|---|---|---|
| १ | कृषि उत्पादनका सामाग्रीहरु (बीउ, बेर्ना, विरुवा, माछाका भुरा लगायत) | ५० प्रतिशत |
| २ | प्राविधिक सहयोग | १०० प्रतिशत |
| ३ | प्रयोगशाला सेवाहरु | ५० प्रतिशत |
| ४ | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| ५ | साना सिंचाई पूर्वाधारहरु | ८५ प्रतिशत |
| ६ | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

**५. हाल कायम जोन संचालन समन्वय समितिको विवरण**

**क) स्याउ जोन संचालन समन्वय समिति**

| **सि.न.** | **नाम थर** | **पद** | **ठेगाना** | **फोन नं.** |
|---|---|---|---|---|
| १ | धन बहादुर डाँगी | संयोजक | ठुलिभेरि न.पा. ९ डोल्पा | ९८४८३०३३२३ |
| २ | सिद्धमान बोहोरा | सदस्य | जगदुल्ला गा.पा.५ डोल्पा | ९८६५५४१७३५ |
| ३ | कर्ण बहादुर धराला | सदस्य | त्रिपुरासुन्दरि न.पा. ३ डोल्पा | ९८७३२८९६५५ |
| ४ | कर्णचन्द्र डाँगी | सदस्य | ठुलिभेरि न.पा. ९ डोल्पा | ९८६९०५३९१९ |
| ५ | काली बुढा | सदस्य | ठुलिभेरि न.पा. १० डोल्पा | ९७४५६४३२८५ |
| ६ | रञ्जना बुढा | सदस्य | ठुलिभेरि न.पा. ४ डोल्पा |  |
| ७ | राज कुमारी महतारा | सदस्य | ठुलिभेरि न.पा. १ डोल्पा | ९७६९९८५५०० |
| ८ | चन्द्रकली बोहोरा | सदस्य | ठुलिभेरि न.पा. ५ डोल्पा | ९८६८३६८४२२ |
| ९ | दलजित कार्की | सदस्य | ठुलिभेरि न.पा. ११ डोल्पा | ९८६४३४०८४१ |

**ख) सिमी जोन संचालन समन्वय समिति**

| सि.न. | नाम थर | पद | ठेगाना | फोन नं. |
|---|---|---|---|---|
| १ | पालजोर रोकाया | अध्यक्ष | काईके गा.पा. २ | |
| २ | पासाङल्हामु रोकाया | उपाध्यक्ष | काईके गा.पा. ५ | |
| ३ | शान्ती राना | कोषाध्यक्ष | काईके गा.पा. २ | |
| ४ | चन्द्र बुढा | सचिव | काईके गा.पा. ३ | |
| ५ | कमरी बुढा | सदस्य | काईके गा.पा. ३ | |
| ६ | दिपक कुमार बुढा | सदस्य | काईके गा.पा. २ | |
| ७ | लाक्पा बुढा | सदस्य | काईके गा.पा. ५ | |
| ८ | सन्जे बुढा | सदस्य | काईके गा.पा. २ | |
| ९ | राजु वि.क. | सदस्य | काईके गा.पा. ५ | |

**६. कार्यालय स्थापना देखि हाल सम्मका कार्यालय प्रमुखहरुको नामावलीः**

| क्र.सं. | प्रमुखको नाम | पद | कार्य अवधि | | कैफियत |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| १ | हस मुल्लाह खाँ | नि. कार्यालय प्रमुख | २०७६ | २०७७ जेष्ठसम्म | |
| २ | रामदरेश राय | नि. कार्यालय प्रमुख | २०७७ जेष्ठ | २०७८ माघसम्म | |
| ३ | गणेश बहादुर थापा | नि. कार्यालय प्रमुख | २०७८ फाल्गुन | २०८० फागुनसम्म | |
| ४ | गोविन्द बहादुर मल्ल | नि. कार्यालय प्रमुख | २०८० फागुन देखि | हालसम्म | |

**७. निर्णय प्रक्रियाः** कार्यालयको स्टाफ बैठक तथा स्वीकृत ऐन, नियमावली, निर्देशिका, कार्यविधि तथा मापदण्डहरुमा उल्लेखित व्यवस्थाका आधारमा

**८. निर्णय उपर उजुरी सन्ने अधिकारीः  नि.**कार्यालय प्रमुख गोविन्द बहादुर मल्ल

**९. सम्पादित मुख्य कार्यको विवरणः**

**(क) योजना तथा कार्यक्रम तर्फ**

मितिः २०८०/११/१४ मा सिमी जोन अन्तर्गतका कार्यक्रम संचालन गर्नका लागि रितपुर्वक पर्न आएका आवेदकहरुको प्रस्तावना स्वीकृत गरि मितीः २०८०/११/२७ देखि मितीः २०८०/१२/११ गतेसम्म सम्झौता गर्नका लागि सुचना

प्रकाशन गरिएको थियो साथै सुचनाहरु कार्यालयको फेसबुक ID, सुचना पाटी, रेडियो एफ एम र अनलाइन पत्रिकाहरु बाट पनि जानकारी गराइएको थियो।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
दुनै, डोल्पा

फोन नं.:- ०८७-५५००८८
इमेल:pmamp.piu.dolpa@gmail.com

प.स. ०८०/०८१
च.न.

मिति:२०८०।११।२७

विषयः सम्झौता गर्न आउने बारे सुचना ।

प्रस्तुत विषयमा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाई डोल्पाको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सिमीजोन तर्फका कार्यक्रम संचालन गर्नका लागि प्रथम पटक मिति:२०८०।०५।२५ र दोस्रो पटक मिति:२०८०।०६।०४ मा प्रकाशित सुचना अनुसार माग भई आएका निवेदनहरुको मिति:२०८०।११।१४ गते बसेको प्राविधिक समितिको बैठकको निर्णय अनुसार छनौट भएका कृषक समुह/कृषि सहकारी/कृषि उद्दमी/कृषि फर्महरुले यो सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र)औ दिन वा मिति: २०८०।१२।११ गते भित्र आवश्यक कागजात सहित सम्झौता गर्नहुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

आवश्यक कागजातहरु

१. कृषक समुह/सहकारी/कृषि फर्म तथा उद्धमीको दर्ता प्रमाण पत्र प्रतिलिपी ।
२. कृषक समुह/सहकारी/कृषि फर्म तथा उद्धमीहरुको स्थायी लेखा नम्वर (PAN) प्रतिलिपी ।
३. कृषि समुह/सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदन र कृषि उद्धमी तथा फर्मको हकमा कर चुक्ता प्रमाणपत्र ।
४. कृषक समुह/सहकारीको हकमा सम्झौता गर्ने सम्वन्धि वैठकको निर्णय प्रतिलिपी ।
५. सम्झौता गर्न अनिवार्य आधिकारीक व्यक्ती उपस्थित हुनुपर्नेछ ।
६. निवेदनमा रु १० को टिकट टाँस भएको हुनुपर्ने ।
७. कृषक समुह/सहकारी/कृषि फर्म तथा उद्धमीको वैंक खाताको चेकबुकको भित्री पानाको प्रतिलिपी ।

११/२७

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाई
दुनै, डोल्पा

फोन नं.:- ०८७-५५००८८
इमेल :-pmamp.piu.dolpa@gmail.com

प.स. ०८०/०८१
च.न.

मिति:२०८०।११।१४

विषय- प्रस्तावना स्वीकृत गरिएको सम्वन्धमा।

प्रस्तुत विषयमा यस परियोजना कार्यान्वयन एकाईको मिति २०८०।०५।२५ मा प्रथम पटक र मिति २०८०।०६।०४ मा दोस्रो पटक प्रकाशित कार्यक्रममा सहभागि हुन प्रस्ताव आव्हानको सुचना बमोजिम रित पुर्वक पर्न आएका आवेदक हरु मध्येबाट मिति २०८०।११।१४ गतेको प्राविधिक समितिको बैठकबाट छनौटको निर्णय भएका तपसिल बमोजिमका आवेदकहरुको विवरण स्वीकृत गरि सम्बन्धित सवैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। साथै कार्यक्रममा छनौट भएका आवेदकहरु प्रति कुनै दावी विरोध भएमा यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निवेदन पेश गर्नु हुन अनुरोध छ।

११/१४

गणेश वहादुर थापा
कार्यालय प्रमुख

- स्याउ क्षेत्रविस्तार कार्यक्रम अन्तर्गत लाभग्राहीलाई १४००० स्याउ विरुवा ५०% अनुदानमा वितरण
- ओखर क्षेत्रविस्तार कार्यक्रम अन्तर्गत कृ लाभग्राहीलाई ३०० ओखर विरुवा ५०% अनुदानमा वितरण
- निलोतुथो २५० केजी र कृषि चुन ५०० केजी कृषकहरुलाई निशुल्क वितरण
- अन्य कृषि सामग्री अन्तर्गत आरी २० थान, सिकेचर २० थान, विषादी छर्ने स्प्रेयर २० थान,फुट स्प्रे ३ थान, र किट्नाशक विषादीहरु निशुल्क वितरण।
- उन्नत कृषि प्रदशनी कार्यक्रममा १ थान सोलार ड्रायर निशुल्क वितरण।
- सिमी जोन अन्तर्गतका कार्यक्रमहरुमा छनोट भएका कृषि फर्म/कृषक समुह/कृषि सहकारी/उद्यमीहरुको सम्झौता सम्पन्न।
- समस्या समाधानका लागि प्राविधिक सल्लाह सुझाव।

**(ख) तालिम तथा कार्यक्रमहरुको स्थलगत अनुगमनः**

- ठुलीभरी नगरपालिका ०५ मा व्यावसायिक स्याउ खेती प्रविधि सम्बन्धि ३ दिने तालिम संचालन
- काइके र मुड्केचुला गाउँपालिकाका सम्पुर्ण वडाहरुमा सिमी खेति सम्बन्धी १ दिने स्थलगत तालिम संचालनका साथै सिमी जोन अन्तर्गतका प्रस्तावित आवेदकहरुको स्थलगत प्रमाणीकरण।
- जगदुल्ला गाउँपालिका ०५ मा व्यावसायिक स्याउ खेती प्रविधि सम्बन्धि ३ दिने तालिम संचालन

**(ग)** मितीः २०८०/१२/०१ मा स्याउ जोन संचालन समन्वय समिति पुनःगठन सम्पन्न।

**१०. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पदः**

**कार्यालय प्रमुख**

नामः गोविन्द बहादुर मल्ल
पदः नि. कृषि अधिकृत

**सूचना अधिकारीः**

नामः विकास बोहोरा
पदः नायब प्राविधिक सहायक

**११. सम्बन्धित ऐन, नियम, कार्यविधी र मापदण्डहरुः**

परियोजना सञ्चालनको मुख्य दस्तावेजः परियोजना कार्यान्वयन म्यानुअल-२०७७

**१२. बजेट र खर्च सम्बन्धी विवरणः**

| वित्तिय प्रगति विवरण | | | | |
|---|---|---|---|---|
| कार्यक्रम/क्रियाकलाप | वार्षिक विनियोजन रु. हजारमा | तेस्रो त्रैमासिक विनियोजन रु. हजारमा | तेस्रो त्रैमासिक खर्च रु. हजारमा | खर्च प्रतिशत (वार्षिक) |
| पुजीगत तर्फ | २१.५ | १० | | २७ प्रतिशत |
| चालु तर्फ | ३२६.७१ | ११०.२२ | १० | १७ प्रतिशत |
| जम्मा | ३४८.२१ | १२०.२२ | १० | |

**१३. अन्य विवरणः**

- सूचनापाटी/इमेल/फेसबुक आइडी/लगायतबाट नियमित सुचना प्रकाशन तथा प्रसार गरीएको।
- नागरिक वडापत्रको व्यवस्था
- इमेलः pmamppiudolpa@gmail.com
- फेसबुक आइडीः परियोजना कार्यान्वयन एकाई डोल्पा